सहकारी दिवसमा थाहानगरका तीन सहकारी पुरस्कृत । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१६, अंक-३५ ● २०८० चैत्र २६ गते सोमबार, ● 08 April, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## आफ्नै आमाको हत्या आरोपमा छोरा पक्राउ

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर-१० तल्लो बिसिङ्ग खेलमा आफ्नै आमाको हत्या गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घरायसी बिवादमा स्थानीय ५० वर्षिय ज्ञानीमाया गमाललाई हत्या गरेको आरोपमा २६ वर्षिय मिलन गमाललाई इलाका प्रहरी कार्यालय पालुङले पक्राउ गरेको हो । घरायसी विबादको कारण कर्तव्य गरी मारेको भन्ने खुल्न आएको भन्दै प्रहरीले पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । बितेको फागुन ३० गते बिसिङ्गखेलमा बस्ने ज्ञानीमाया गमालको घरको ढोका बन्द रहेको कारण स्थानियले बोलाउँदा घरको ढोका नखुलेको भन्ने खबर प्राप्त हुना साथ इलाका प्रहरी कार्यालय चित्लाङबाट खटीएको प्रहरी टोलीले



स्थानियको रोहोवरमा ढोका खोली हेर्दा मोतीमान गमालको श्रीमती ज्ञानीमाया खाटमा सुति रहेको अबस्थामा मृत फेला पारिएको थियो ।

मृतकको पोष्टमार्टमका लागि टिचिङ अस्पताल पठाएकोमा शब आफन्तले बुझेका थिए । मृतक र घटनाको थप अनुशन्धान गर्दै जाँदा प्रविधिक खोज तथा स्थानिय समेतको अनुसन्धानबाट मृतकको छोरा मिलनले हत्या गरेको अनुसंधानबाट खुलेको प्रहरीले जनाएको छ ।

## २०८१ वैशाख भित्र टोल कमिटीहरुको अधिवेशन सक्ने 'क्यालेण्डर'

# थाहाको 'ग्रासरुट'मा एमाले

विकास संवाददाता
थाहानगर

नेकपा एमालेले थाहानगरको टोल-टोलमा टोल कमिटिहरूको अधिवेशन गर्ने भएको छ । एमाले थाहानगर कमिटीको २२ चैतमा सम्पन्न पूर्ण बैठकले यस्तो निर्णय गरेको हो । बैठकले आगामी २०८१ बैशाख महिनाभित्र टोल कमिटीहरूको अधिवेशन गरिसक्ने निर्णय गरेको नगर सचिव सुजन र ायमाझीले जानकारी दिए ।

रायमाझीले दिएको जानकारी अनुसार एमाले थाहाको बैठकले आगामी २०८१ बैशाख सम्मको सांगठनिक 'क्यालेन्डर' नै तय गरेको छ । जस अनुसार २०८० चैत्र मसान्तभित्र संगठित सदस्यहरू नवीकरण गर्ने, प्रत्येक वडाले कम्तिमा १५ जना ४० वर्ष मुनिका युवाहरूलाई सदस्यता प्रदान गर्ने, वडा कमिटी र जनवर्गीय कमिटीमा आवद्ध सबैलाई संगठित सदस्यता वितरण गर्ने

### नेकपा एमाले

निर्णय गरिएको छ ।

त्यसैगरी बैशाख मसान्तभित्र जनवर्गीय तथा पेसागत संगठनहरूको अधिवेशन गर्ने, बैशाखभित्रै सबै टोल कमिटीहरूको अधिवेशन गर्ने, प्रत्येक वडाहरूले २० गतेदेखि २८ गतेसम्ममा नियमित बैठक गर्ने, पालिका सभा दलको प्रशिक्षण बैशाख १४ गते गर्ने, बैशाख ५ गते नगर स्तरीय पार्टी प्रशिक्षण गर्ने निर्णय गरेको छ । नगर कमिटी अध्यक्ष सुरेन्द्रमान प्रधानको अध्यक्षता एवम् एमाले पोलिटव्युरो सदस्य देवी ज्ञवालीको प्रमुख आतिथ्यतामा बैठक सम्पन्न भएको हो । एमालेको तेस्रो थाहानगर अधिवेशनपछि बसेको पहिलो बैठकले थाहा नगरपालिका



१ का सिताराम गोपालीलाई नगर कमिटी सदस्यमा मनोनित गरेको छ । १० प्रतिशत मनोनित गर्न पाउने वैधानिक व्यवस्था अनुसार गोपालीलाई मनोनित गरिएको हो । बाँकी सदस्यहरू अर्को बैठकबाट मनोनित गर्ने एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले बताए । बैठकमा प्रमुख अतिथि एमाले पोलिटव्युरो सदस्य देवी ज्ञवालीले हरेक क्षेत्रमा अब्बल काम गरेर देखाउन कार्यकर्ताहरूलाई निर्देशन दिएका थिए । बैठकमा संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीले नगर कमिटीलाई राम्रो अंकसहित उत्तीर्ण हुने गरेर काम गर्न निर्देशन दिएका थिए ।

सो अवसरमा बागमती प्रदेश कमिटी सदस्यहरू बलराम बल, इन्द्रमान बलले अब आउँदो निर्वाचनमा थाहामा एमालेलाई कसैले रोक्न नसक्ने जिकिर गरे ।

एमाले प्रदेश कमिटी सदस्य नारायण रिजाल, जिल्ला संगठन कमिटी सदस्य एवम् थाहा नगर सह-इञ्चार्ज शशीधर सुवेदी, जिल्ला संगठन कमिटी सदस्यहरू कल्पना बलामी, सुनिता दोङ, बलराम थापा, पूर्व प्रदेश कमिटी सदस्यहरू बुद्धरत्न मानन्धर, श्यामभक्त श्रेष्ठ, पूर्व नगर कमिटी अध्यक्ष अच्युतम प्रसाद ढकाल, वडा अध्यक्षहरू बिष्णु बहादुर गुरूङ, हेम कुमार थिङ, जिल्ला पर्यटन विभाग सदस्य नवराज कार्की, अखिल नेपाल महिला संघका अध्यक्ष सुमित्रा केसी, नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष अशोक खाती, रिटर्नी फेडेरेशनका अध्यक्ष सुमन रायमाझी, नेपाल भुतपूर्व सैनिक एवं प्रहरी संगठनका अध्यक्ष कृष्ण बहादुर अधिकारी, भूमी अधिकार तथा श्रमिक संगठन नेपालका अध्यक्ष जितबहादुर थोकरलगायतको आतिथ्यताामा बैठक सम्पन्न भएको एमाले थाहानगर उपाध्यक्ष हेमकुमार थिङले जानकारी दिए ।

## एउटै पालिकामा १ सय ७१ मिर्गौला रोगका बिरामी

◆ विकास संवाददाता

मकवानपुरको बकैयामा भएको दुई दिने स्वास्थ्य शिविरमा १ सय ७१ मिर्गौला रोगीका बिरामी भेटिएका छन् भने ३ जना मिर्गौला फेल भएका बिरामी भेटिएका छन् ।

बकैया गाउँपालिका वडा नम्बर ४, गरगरेमा शुक्रबार र शनिबार भएको निःशुल्क स्वास्थ्य शिविरमा १ हजार ३ सय जना बिरामीले सेवा लिएका थिए । तिमध्ये १ सय ७१ जना मिर्गौला रोगका बिरामी भेटिएको बिपि चिन्तन प्रतिष्ठान शिविर कार्यक्रम संयोजक ध्रुव पाण्डेले जानकारी दिए ।

यस्तै, मिर्गौला फेल भएका ३ जना बिरामीलाई काठमाडौं स्थित धर्मभक्त राष्ट्रिय मिर्गौला प्रत्यारोपण केन्द्रमा रिफर गरिएको कार्यक्रम संयोजक पाण्डेले बताए ।

शिविरमा साढे ७ लाख रूपैयाँ बराबरको औषधि निःशुल्क वितरण गरिएको र २ लाख रूपैयाँ बराबरको औषधि स्थानीय अस्पताललाई सहयोग गरिएको पनि उनले बताए । बिरामीको अवस्था हेरि एक महिनासम्मको औषधि दिइएको उनले बताए । बिपि चिन्तन प्रतिष्ठानले आयोजना गरेको उक्त शिविर को बकैया गाउँपालिका स्थानीय आयोजक रहेको थियो। शिविरमा ९ जना विशेषज्ञ डाक्टरहरूद्वारा सबै किसिमका रोगको उपचार गरिएको थियो ।

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं ।
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## डढेलो नियन्त्रण सचेतना फैलाऔं

गर्मीयाम शुरु भएसँगै मकवानपुरका विभिन्न स्थानमा डढेलोको प्रकोप बढेको छ । डढेलोका कारण मौसम समेत धमिल्लिएको छ । मकवानपुर पनि डढेलोको जोखिममा रहेको जिल्ला हो । तसर्थ यस जिल्ला पनि डढेलोबाट अछुतो रहन सकेन । सरकारी निकायबाट डढेलोबाट हुने क्षति न्यूनीकरणको लागि अग्नि रेखा निर्माण गर्ने, त्यसको मर्मत गर्ने, सरसफाइ गर्ने काम भइरहे पनि डढेलो नियन्त्रणमा उल्लेख्य सफलता प्राप्त हुन सकेको छैन । एकपटक आगोको झिल्का वन क्षेत्रभित्र रहेको सुकेको झाडमा लागेपछि उग्र भएर आगो हावाको प्रभावमा तीव्र गतिले फैलने गर्छ । यसले वन क्षेत्रमा क्षति पुऱ्याउँदा वन सम्पदाको मात्र नष्ट हुँदैन, समग्र पर्यावरणीय स्थितिमा नै बदलाव आउँछ । डढेलोका कारण मानवीय क्षतिसँगै समग्र जैविक विधिता नै नष्ट हुने भएकाले यसको न्यूनीकरणका लागि सरकार र समुदाय सँगसँगै लाग्नु आवश्यक छ । सन् २००५ देखि २०२२ सम्मको तथ्यांक हेर्दा डढेलोमा परेर नेपालमा एक सय १९ जनाले ज्यान गुमाएका छन् । विकास खबरपत्रिकाको यो अंक प्रकाशन हुँदै गर्दा पनि डोल्पामा डढेलो नियन्त्रणमा खटिएका मध्ये २ नेपाली सेनाको मृत्यू भएको छ । संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युएनईपी) को रिपोर्टअनुसार डढेलो संसारभरि बारम्बार र तीव्ररूपमा बढ्दै जाने देखिएको छ। सन् २०३० सम्ममा १२ प्रतिशत र सन् २०५० सम्ममा ३० प्रतिशत हुँदै यस शताब्दीको अन्त्यतिर ५० प्रतिशत बढ्ने आँकलन पनि यसले गरेको छ। जलवायु परिवर्तन, जमिनको प्रयोगमा आएको परिवर्तनका कारण यस्ता घटना बढ्दै जाने प्रक्षेपण गरिएको छ ।

अनियन्त्रित डढेलो मानिस, जैविक विविधता, पारिस्थितिक प्रणालीका लागि विनाशकारी त हो नै, हरित गृह ग्याँसको उत्सर्जन बढाउने हुँदा तापक्रम बृद्धि गराउने खतरा पनि उत्तिकै रहन्छ । खासगरी नेपालजस्ता विकासोन्मुख देशहरूले जलवायुको जोखिम बुझ्न र समाधानका लागि काम गर्न नसकेको अवस्थामा यस्तो जोखिम भयावह बन्दै जाने देखिन्छ । संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युएनईपी) को रिपोर्ट हेर्दा के भन्न सकिन्छ भने डढेलो पूरै नियन्त्रणमा लिन सम्भव नभए पनि यसलाई न्यूनीकरण गर्दै लैजानुपर्छ । हरेक विपत् मानवीय कारणले नै हुने भएकाले डढेलोको जोखिमबाट बच्न पनि आम नागरिक सचेत रहने र सरकारी निकायहरु हमेशा प्रतिकार्य तयारीमा रहने हो भने यसलाई न्यूनीकरण गर्न अवश्य सकिनेछ । आगोसम्बन्धी सानोभन्दा सानो लापरवाही पनि नगर्ने, सलाई वा लाइटर चलाउँदा होश पुऱ्याउने, बाहिर वा वनजङ्गलतिर चुरोट खाएर ठुटा फ्याँक्दा ध्यान पुऱ्याउने, पालुवा पलाउँछ भनेर जानाजान आगो नलगाउने, गाई चराउन वा गोठालो जाँदा आगो लाग्नसक्ने लापरवाही नगर्ने आदि सावधानीका उपाय अपनाउनु आवश्यक छ ।

वन ऐन, २०४९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को वनमा आगो लगाउन वा आगो लाग्न सक्ने क्रियाकलापहरूलाई अपराधको रूपमा लिएर कैद सजाय र दण्ड जरिवाना गर्ने व्यवस्था छ । यसलाई सक्रिय बनाउनतिर पनि सोच्न ढिला गर्नुहुँदैन । जुन विधि प्रयोग गरेर भए पनि डढेलो नियन्त्रणलाई सरकारले प्राथमिकतामा राख्नुपर्छ किनकि यसले मानव सभ्यतामै भयावह अवस्था सिर्जना गर्न सक्छ । यो आजको मात्र होइन भोलिको पनि सवाल हो । हामीले भावी पुस्तालाई सकेसम्म स्वच्छ वातावरण हस्तान्तरण गर्ने दायित्व पूरा गर्नैपर्छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# गोखुरेश्वर महादेव मन्दिरको चर्चा



◆ रुपचन्द्र गोपाली

नेपाल धार्मिक दृष्टिले गौरवशाली इतिहास बोकेको देश हो । धार्मिक दृष्टिकोणले नै विश्वमा नेपाललाई बढी मात्रामा चिनिने गरिन्छ । नेपाल शब्द सर्वप्रथम अथर्व परिशिष्टको कुर्म विभागमा उल्लेख गरिएको थियो । यो इशापूर्व ५ सय देखी ६ सयको वीचमा निर्माण भएको मानिन्छ । ऋगबेदमा वर्गित हिमवन्त प्रदेश अन्तर्गत नेपाल रहेको पाइन्छ । महाभारत वनपर्वमा नेपाल विषयलाई जिल्लाको रूपमा वर्गीकरण गरिएको पाइन्छ । नेवारहरूको एक जाति नपार थिए र तिनै नेपारहरूको वासस्थान भएकोले नेपारवाट नेपाल नामाकरण भएको इतिहास पाइन्छ ।

नेपालका शिलालेखहरूमा वि.सं. ५६९ को टिष्टुङ अभिलेखमा पहिलो पटक नेपाल शब्दको प्रयोग गरिएको पाइन्छ र नेपालको वर्णन गरिएको पनि छ। प्राचिन कालमा हालकै स्वरूप अनुसारको विस्तारित रूपलाई नेपाल भनिन्थ्यो भने एकिकरणपूर्व मल्लकालमा काठमाण्डौं उपत्यकालाई नेपाल भनिन्थ्यो । एकिकरण पश्चात काठमाडौं राजधानी भयो र नेपाल शब्दले वर्तमान नेपाल राज्यलाई जनाउन थालेको हो । अझ नेपालको इतिहासलाई ३ भागमा विभाजन गरिएको पाइन्छ । जस अनुसार वि.सं. ९३५ को अवधिलाई प्रचिनकाल, वि.सं. ९३६ देखी १८२५ सम्मको अवधिलाई मध्यकाल र वि.सं. १८२५ देखी हालसम्मको अवधिलाई आधुनिक कालको रूपमा विभाजन गरिएको पाइन्छ ।

प्रचिनकालको इतिहास हेर्ने हो भने चिनवाट मञ्जुश्री प्रवेश गरि चोभारको डाँडावाट चक्रतिर्थ प्रहार पानी काटेर बाहिर फ्याँकेपछी उक्त स्थान मानव वसोवास योग्य भयो त्यसपछी दक्षिणतर्फका नीप जातिका गोपालहरू यहाँ आई यहाँको प्राचीन नागजातिवीच भिडन्त हुँदा नाग जातिहरू पराजित भई दक्षिण भेगतर्फ लागे र नेपाल उपत्यकामा गोपाल वंशको शासन सुरूवात भयो ।

वंशावलीमा उल्लेखित कथाअनुसार यिनिहरूको एउटा बहुद्री नाम गरेको गाईले सधैं बागमतीको तिरको एकठाउँमा गएर दुध चढाउने गर्दथिन र उक्त दुध चढाउने स्थानमा के रहेछ भनि खनि हेर्दा पशुपतिनाथको ज्योर्तिलिङ्ग उत्पन्न भयो उ र । टेकु दोभानमा तपस्या गरि बस्ने ने मुनिले गोपालवंशका भुक्तमान -भूमिगुप्त) लाई राजा बनाए । यीनी गोपालवंशका संस्थापक मात्र नभइ नेपालका प्रथम राजा पनि भए ।

गोपालवंशी ८ जना शाषकहरू : भूमिगुप्त जयगुप्त, धर्मगुप्त, हर्षगुप्त, भिमगुप्त, मणिगुप्त, विष्णुगुप्त र जिनगुप्त (यक्ष गुप्त)हरूले करिव ५२१ वर्ष शाषण गरेको कुरा उल्लेख भएको पाइन्छ । गोपालवंशकालमा नेपालको सिमाना पूर्वमा दुधकोशीदेखी पश्चिममा त्रिशुली सम्म र उत्तरमा गोसाइकुण्डदेखी दक्षिणमा चित्लाङ्सम्म रहेको थियो। गोपालवंशलाई नेपालमा शाषण गर्ने प्रथम वंशको रूपमा चिनिन्छ । मानवबस्तीको सुरूवात गर्ने पहिलो वंशको रूपमा पनि गोपालवंशलाई चिनिन्छ । भुक्तमान (भुमिगुप्त)लाई ने नामक ऋषिले राजा बनाएका हुन् । गोपालवंशको राजधानि मातातिर्थमा थियो । गोपालवंशको मुख्य पेशा गाइ पाल्ने थियो । गोपालवंशका अन्तिम राजा यक्ष गुप्त निसन्तान भएको र निप जातिकै महिषपालहरूले गोपालवंशपछी नेपालमा शाषण गरेको पाइन्छ ।

कर्कप्याट्रिकको वंशावली अनुसार आभिरहरू राजपुत उत्पतिका ग्वालाहरू भएका र सिम्रौनगढ र जनकपुर बिचको समथल भूभाग आफूसँग हातहतियार समेत राखि ठुलो संख्यामा भैसी पाल्ने गरेकोमा पछी उपत्यका प्रवेश गरी गोपालवंशी राजालाई हराई शाषणमा नियन्त्रण कायम गरेको भनि उल्लेख गरिएको छ । यी दुवै पेशाले फरक तर एउटै जाति भएको इतिहासमा उल्लेख गरिएको पाइन्छ । अभिरहरू ठुलो संख्यामा रहेको र काठमाडौं उपत्यकावाट फैलिँदै टिष्टुङ उपत्यका प्रवेस गरि शाषण गरेको इतिहास पाइन्छ ।

अभिरहरूको शाषण अवधिमा नै गोखुरेश्वर क्षेत्रमा बसोवास रहेको थियो । जहाँ अभिरहरू र उनिहरूले परास्त गरेका गोपालहरू समेत बसोवास गदर्थे । यसरी यिनिहरूले धेरै गाइभैंसीहरू पाल्ने गर्दथे । सोही समयमा गोखुरेश्वर महादेव मन्दिर उत्पति भएको इतिहास छ । किंवदन्ती अनुसार गोखुरेश्वर महादेव मन्दिर उत्पतीको इतिहास पशुपतिनाथको उत्पतीसंग पनि सम्बन्धित रहेको छ ।

काठमाडौं उपत्यकाबाट अभिरहरूको वासस्थान वृद्धि हुँदै जाने क्रममा उनिहरू क्रमश पश्चिमीभेग टिष्टुङ उपत्यकाकामा आएको र सोही ठाउँमा शाषण गरी बसेको पाइन्छ । उक्त समयमा गोखुरेश्वर महादेव मन्दिरको उत्पती सम्वन्धमा रहेको किंवदन्ती अनुसार एउटा गाइले हालको कुन्छाल खोलाको नदि किनारा जसलाई नदितिर्थ र रत्नकान्तिको दोभानको रूपमा चिनिन्छ । उक्त स्थानमा एउटा गाइले आफ्नो खुरले हरेक दिन खोस्रने गर्दथे र उक्त स्थानमा खुर स्वरूपमा एउटा दर्शनढुङ्गाको चम्किलो तेज स्वरूप देखिएको र उक्त स्थानलाई अभिरहरूले गाईले आफ्नो खुरले खोस्रेर उक्त ज्योति स्वरूपको उत्पति गराइएकोले गोखुरेश्वर महादेव उत्पति भएको र उक्त स्थानमा जप ध्यान गर्न थालिएको र शिवको जवध्यान गर्दा शिवशक्ति स्वरूप श्री गौखुरेश्वर महादेव खुसी भई ग्वालाहरूको गोठमा गाइवस्तुहरूमा विघ्नवाधाहरू नआउने र गाइवस्तुहरू सप्रिँदै आउने तथा आफ्ना मनोकाँक्षाहरू पनि पुरा हुने विश्वास गरेको किंवदन्ती पाइन्छ ।

गौखुरेश्वर महादेव मन्दिर थाहा नगरपालिका वडा नंम्बर १ र ६ को सिमाक्षेत्रमा पर्ने मन्दिर हो । कुन्छाल गाउँवाट उत्तर र टिष्टुङवाट पश्चिम भेगमा अवस्थित यो मन्दिर राजधानी काठमाडौंवाट गणेशमान मार्ग हुँदै जम्मा ३० कि.मि. दुरीमा पुग्न सकिन्छ । यो स्थान ऐतिहासिक टिष्टुङ उपत्यकाका, तत्कालिन बज्रवाराही गा.वि.स.हालको थाहा नगरपालिका क्षेत्रमा अवस्थित धार्मिक दृष्टिले निकै महत्वपूर्ण मन्दिर हो । रक्तकान्ति र नदितिर्थको संगमस्थलमा अवस्थित चौसी ज्योर्तिलिङ्ग मध्येको एक महत्वपूर्ण शिवालय यो मन्दिरमा विभिन्न समयमा दर्शनार्थिहरूको घुइँचो लाग्ने गर्दछ । शिवरात्रि, बाला चर्तुदशी, श्रावण मास आदिमा मात्र होइन यहाँ हरेक चाडपर्वमा पूजाआजा हुने गर्दछ । मानिसको मृत्यु पछिको बाहूौं दिनमा सबै १३ दिने दाजुभाइहरूले यहाँ गएर नुहाइ धुवाइ पछि भगवान शिवको पूजा गरेपछि चोखिन्छ भन्ने मान्यता रहेको छ । जनैपुर्णिमा तथा गाइजात्रामा यो मन्दिरको परिक्रमा गर्नु अपरिहार्य हो ।

यो मन्दिरमा श्रीपञ्चमीको दिन हरेक वर्ष गाउँलेहरूले हरेक घरवाट एक एक मुठ्ठी कुस लगि छाना छाउने र पूजाआजा गरी जात्रा मनाउने प्रचलन रहेकोमा केही वर्ष अगाडी गाउँलेहरूले र कम संकलन गरि मन्दिरको छाना ढलान गरेकोले नियमित छाना छाउने कार्य भने हटेको पाइन्छ यद्यपी पूजा भने हुने गर्दछ । यहाँको पूजाआजाको व्यवस्थापनको लागि गुठी जग्गा पनि रहेको छ र गुठीको जिम्मेवारी लिएको व्यक्तिले सोको लागि आवश्यक बन्दोवस्ती गर्नुपर्दछ । कार्तिके भजन, एकादशी, पुर्णिमा जस्ता तिथिको अवसरमा गाउँका भजन मण्डली गुरूहरूवाट मन्दिर परिसरमा भजन गर्ने र पूजाआजा गर्ने चलन रहेको छ ।

यस क्षेत्रको ज्योर्तिलिङ्ग मध्येको एक महत्वपूर्ण यो गोखुरेश्वर मन्दिर पुरातात्विक र धार्मिक रूपले महत्वपूर्ण भइकन पनि दर्शनार्थिहरूले सजिलै पूजाआजा समेत गाहो हुने अवस्था छ । मन्दिर वरिपरि अव्यस्थित वाटो, मन्दिरभित्र सहजै प्रवेश गर्न नसक्ने अवस्था, विगतमा भएको कुण्ड लोप हुनु, मन्दिर भित्र मूख्य मुर्ति रहेको स्थानमा विगतमा पानीको निकास भएता पनि २०७२ को भूकम्प पश्चात भक्तजनले चढाउने गरेको पानी तथा दुध निकासा हुन नसकी मूर्ति नै छोपिने गरी पानी जाम भएको अवस्थाले यो मन्दिर हाल मन्दिर जस्तो समेत देखिन छोडेको छ । वर्षातको समयमा त मन्दिर परिक्रमा गर्न सक्ने अवस्थासम्म हुँदैन ।

टाढाबाट आउने भक्तजनहरूका निम्ति सामान्य बासको व्यवस्थापन, खानेपाली, बत्ति, शौचालय, स्नान कक्ष जस्ता अत्यावश्यक बस्तुहरूको व्यवस्थापन गर्न सकेमा धार्मिक पर्यटन समेतमा टेवा पुग्नेछ । मन्दिर नजिकै र हेको कुन्छाल गाउँलाई सन् २०१७ मा नेपाल सरकार, पर्यटन वोर्ड तथा भिटोफ नेपालले पर्यटन दिवशको अवसरमा नेपालको पर्यटकिय गन्तब्य गाउँ भनि घोषणा भएको यो गाउँको एक महत्वपूर्ण पक्ष यसै मन्दिर संग जोडिएको धार्मिक पर्यटन पनि हो । यद्यपी नेपाल सरकार र सम्वद्ध निकायहरूवाट खासै सहयोग र पर्यटन प्रवर्धनको निम्ति ठोस कदम अघि बढेको छैन । यहाँ भ्रमणको निम्ति आउने पर्यटकहरूले यो मन्दिरलाई व्यवस्थित गर्ने सन्दर्भमा आवाज उठाउने गरिएतापनि सुनुवाइ गर्ने निकाय नहुँदा यति धेरै पुरातात्विक र धार्मिक रूपमा महत्वपूर्ण मन्दिर जिर्ण जस्तै बन्दै जानु दुःखद छ । आशा छ सम्बन्धित पुरातत्व विभाग, नेपाल पर्यटन वोर्ड र सम्वन्धित निकायहरूवाट यसको उचित संरक्षण र चिनारीको निम्ति पहल हुने आशा गरिन्छ ।

*(थाहा-१ कुन्छाल निवासी लेखक गोपाली शिक्षक हुन् ।)*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# मोबाइल हेर्दा बच्चाको आँखामा निम्तिन सक्ने यि समस्या

बच्चाहरू धेरैजसो ल्यापटप, मोबाइल, ट्याब्लेटमा गेम खेल्न वा भिडियो हेर्नमा तल्लीन हुन्छन् । यसबाहेक मोबाइल नहेरी खाना नखाने बानी पनि धेरै बालबालिकामा देखिन्छ ।

लामो समय स्क्रिनमा हेर्दा बच्चामा आँखासम्बन्धी समस्या बढ्ने चिकित्सकहरू बताउँछन् । स्मार्टफोन, ट्याबको सानो स्क्रिनमा आँखाको समग्र हेराइ केन्द्रित गर्दा आँखामा जोड पर्छ । जसकारण आँखामा आँसु आउने, धमिलो देखिने, टाउको दुख्ने, आँखा रातो हुने जस्ता समस्या देखिन्छन् । साथै धेरै लामो समय स्क्रिनमा बिताउँदा बच्चाहरूमा यी तीन आँखाको समस्या निम्तिने जोखिम बढी हुन्छ ।

### दृष्टिदोष

स्क्रिनमा धेरै समय बिताउँदा बच्चाको ध्यान एकै ठाउँमा मात्र केन्द्रित हुन्छ । यस्तो हुँदा उनीहरूमा (रिफ्राक्टिभ एरर) दृष्टिदोषको समस्या निम्तिने सम्भावना हुन्छ ।

आँखाले कुनै पनि वस्तुलाई राम्ररी देख्न वा छुट्याउन नसक्ने समस्या दृष्टिदोष हो । बालबालिकामा यो समस्या भएमा उनीहरूले टाढा र नजिक दुवै र म्ररी देख्न सक्दैनन् ।

### आँखा सुक्खा

आँखामाथिको ग्रन्थीले आँसु बनाउँछ, जसले आँखालाई सुख्खा हुन दिंदैन । तर बच्चाले धेरै समय मोबाइल कम्प्युटर मा बिताउँदा आँखाको नानीलाई ढाक्ने आँसुका तहहरू फाट्छन् । जसले कर्नियाको सतह चिप्लो हुन नसकेर, आँसुको ग्रन्थीमा आँसु कम उत्पादन हुँदा आँखा सुक्खा हुन्छ ।

आँसुले हाम्रो आँखाको सतहलाई संक्रमणबाट पनि बचाउँछ । आँखा सुक्खा भएर पर्याप्त आँसुको कमीले आँखाको संक्रमणको जोखिम समेत बढ्छ ।

### डेढोपन

आँखा बल जस्तो आकारमा हुन्छ, त्यो मांसपेशीको माध्यमबाट चल्ने गर्छ । बच्चाले गेम खेल्दा, लामो समय मोबाइल स्क्रिनको एकै ठाउँमा बढी हेर्ने गर्छन् । एकै ठाउँमा मात्र हेरिरहँदा आँखाको मांसपेशी कमजोर भएर तथा आँखाको नसा प्यारालाइसिस भएर आँखा डेढो हुने सम्भावना बढ्छ ।

कुनै पनि वस्तुलाई एउटा आँखाले सिधा र अर्को आँखाले बाङ्गो हेर्‍यो भने त्यस्तो अवस्थालाई डेढो आँखा भन्ने गरिन्छ । बाङ्गिएको आँखाले सिधा आँखाले जति देख्दैन ।

### बच्चाको आँखा कमजोर भएको कसरी थाहा पाउने ?

बच्चाले आफूलाई आँखामा समस्या भएको बताउन सक्दैनन् । किनभने उनीहरूले थाहै पाउँदैनन् । तर अभिभावकले उसको हाउभाउ र क्रियाकलाप हेरेर आँखामा समस्या आएको थाहा पाउनुपर्छ ।

बच्चाले बारम्बार एउटा आँखा झिमझिम गर्ने वा छोप्ने गर्छ भने त्यो आँखा कमजोर भएको संकेत हुनसक्छ । घरमा टिभी हेर्दा टाढा बसेर हेर्दाहेर्दै नजिकै गएर हेर्छ भने पनि उसमा आँखाको समस्या छ कि भनेर शंका गर्नुपर्छ । बच्चाले बारम्बार आँखा मिच्न थाल्यो भने पनि आँखा कमजोर भएको लक्षण हुनसक्छ ।

### अभिभावकले यी कुरामा ध्यान दिनुपर्छ

स्क्रिनमा धेरै समय बिताउनेहरूमा आँखाको विभिन्न समस्याको जोखिम हुने भएकाले अभिभावकले बच्चालाई २० नियम लागू गराउने कोसिस गर्नुपर्छ । जसको अर्थ हरेक २० मिनेटको समय अवधिमा २० सेकेन्ड आराम लिई २०



फिट टाढाको वस्तु हेर्ने अभ्यास गर्नुपर्छ ।

बच्चालाई आँखाको समस्याबाट बचाउन उनीहरूको स्क्रिन टाइमलाई कम गर्नुपर्छ । खाना खाने समयमा र होमवर्क गर्ने बेलामा मोबाइल नचलाउने भन्ने नियम बनाउनुपर्छ । त्यो समयमा अभिभावक आफैंले पनि मोबाइल चलाउनु हुँदैन ।

यदि बच्चा दिनभर मोबाइलमा मात्र झुमिन्छन् भने उनीहरूलाई घरबाहिर खेल्न पठाउनुपर्छ । जसले गर्दा उसको आँखाको समस्या निम्तने जोखिम कम हुनुका साथै शारीरिक विकासमा पनि सुधार हुन्छ ।

परिवारले पनि आफ्नो बच्चाले कसरी हेर्छ, आँखाबाट आँसु आउँछ या आउँदैन । धमिलो देख्ने, आँखा पोल्न, पाक्ने समस्या छ कि छैन भन्ने जस्ता कुरामा गम्भीर ध्यान दिनुपर्छ ।

समयमा नै दृष्टिदोष, सुक्खा आँखा र डेढोपनको उपचार गरिएन भने आँखाको अन्धोपन समेत हुनसक्छ । त्यसैले नजिकैको आँखा केन्द्र वा आँखा अस्पतालमा गएर आँखाको उपचार गराउनुपर्छ ।

बच्चामा आँखा पोल्ने,आँसु आउने, धमिलो देखिने जस्ता समस्या छ भने तुरुन्त नजिकको आँखा अस्पताल गई जाँच गराउनुपर्छ ।

*–एजेन्सीको सहयोगमा*

# अभिभावकका यि बानीले बच्चामा नकारात्मक प्रभाव पर्छ है !

अभिभावकले आफ्ना सन्तानले कहिले पनि दुःख नपाउन्, सधैं खुसी रहुन् भन्ने चाहना राख्छन् । यो स्वभाविक पनि हो । आफ्ना सन्तानले दुःख पाएको, उनीहरूको आँखाबाट आँसु झरेको कसले पो चाहन्छ र ?

तर कतिपय अवस्थामा आवश्यकताभन्दा बढी माया देखाउनुको नकारात्मक प्रभाव पनि पर्न सक्छ ।

### बालबालिकालाई आवश्यकताभन्दा धेरै माया देखाउनु

लेबनानी कवि तथा लेखक खलिल जिब्रानको एउटा प्रख्यात भनाइ छ, 'सन्तान तपाईंको माध्यमबाट संसारमा आउँछन्, तर तिनीहरू तपाईंका होइनन्, संसारका सन्तान हुन् । त्यसैले अभिभावकले सन्तानलाई माया गर्नुपर्छ तर माया गर्नुको पनि सीमा हुनुपर्छ ।'

जस्तै- बच्चा हिंड्न नसक्ने, आफैं खान नसक्ने भएसम्म अभिभावकले गर्नुपर्छ । तर बच्चा सक्षम भइरहेपछि पनि आफ्नो बच्चा भनेर जहिले काखमा लिइराख्ने, आफैंले खाना खुवाउने, लुगा लगाइदिने, हरेक समय बच्चासँगै बस्ने गर्नुहुँदैन । किनभने अभिभावकको नजरमा त्यो माया हुनसक्छ तर बच्चालाई अभिभावक देखेर रिस उठ्न सक्छ । बच्चाको नजरमा यस्ता अभिभावक खलनायक हुन्छन् ।

त्यसैले बच्चाले आफ्नो हेरचाह गर्न सक्षम भएपछि उसलाई साथीहरूसँग घुलमिल हुन दिनुपर्छ । यसले बच्चाको शारीरिक तथा मानसिक विकास राम्रो हुन्छ ।

### बाहिरको रिस बालबालिकामा पोख्ने बानी

कोही अभिभावक बच्चालाई आवश्यकताभन्दा धेरै माया गर्ने गर्छन् भने कोही अभिभावक बाहिर अरूको रिस घरमा आएर बच्चामा पोख्ने गर्छन् । यस्तो व्यवहार गर्ने अभिभावकप्रति बच्चाको मनमा मान सम्मानको सट्टा डर, घृणा र रिस उत्पन्न हुन्छ । उनीहरू असुरक्षित महसुस गर्छन् । यस्ता नकारात्मक सोचले बच्चा र अभिभावकको सम्बन्ध बिग्रिँदै जानुका साथै उनीहरूको वृद्धि विकासमा पनि नकारात्मक असर पर्छ । घरमा यस्तो व्यवहार देखाउने अभिभावकलाई नराम्रो मान्छन् ।

### बच्चालाई आफूमा अत्यधिक निर्भर बनाउँदा

संसारका हरेक प्राणीको आधारभूत लक्ष्य बच्चालाई जतिसक्दो चाँडो आत्मनिर्भर बनाउने हो, तर भावनाका कारण मानिसले ढिलाइ गर्छन् । कोही अभिभावक आफ्ना बच्चालाई लामो समयसम्म नियन्त्रणमा राख्न खोज्छन् । यसले बच्चा स-साना कुरामा अभिभावकप्रति निर्भर हुन्छ । जस्तै- के खाने, के नखाने, कसलाई साथी बनाउने ? यी कुरामा अभिभावकले भन्दा पनि बच्चाहरू आफैंलाई निर्णय लिन प्रोत्साहन गर्नुपर्छ ।

बरू उसको कुरा राम्रोसँग सुन्ने र केही प्रश्न गरेको अवस्थामा सुझाव दिने गर्नुपर्छ । यसो गर्नाले उनीहरूको आत्मविश्वास बढ्दै जाने र निर्णय लिने क्षमताको विकास हुँदै जान्छ ।

### अन्य बच्चासँग तुलना गर्ने बानी

एकअर्कासँग तुलना गर्नु मानवीय स्वभाव हो । धेरैजसो हामी अरूको तुलना गरेर नै अगाडि बढ्न प्रेरणा लिइरहेका हुन्छौं । तर कहिलेकाहीं हरेक समय तुलना गर्ने बानीले बच्चाको दिमागमा नकारात्मक सोच उत्पन्न हुनसक्छ । वास्तवमा, आफ्नो बच्चालाई अन्य बच्चासँग तुलना गरेर उसलाई अनावश्यक अप्रत्यक्ष दबाब दिने गरेको देखिन्छ । उसलाई अरू जस्तै बन्न अप्रत्यक्ष दबाब दिंदा बच्चाले आफूलाई अरूभन्दा कम ठान्न थाल्छ । भविष्यमा आफ्नो करिअर मा असफल भएमा त्यसको दोष अभिभावकलाई दिन सक्छन् ।

### बच्चासँग कम बोल्ने बानी

अभिभावकहरू बच्चालाई चाहिने सबैथोक भन्नेबित्तिकै ल्याइदिएकै छ, अरू के चाहियो र भन्ने सोच्छन् । चाहेको सामान किनिदिन्छन् तर उनीहरूसँग कुरा गर्ने, उसको स्कुलमा के भइरहेको छ ? उसको रूचि केमा छ ? के मन पर्छ वा के मन पर्दैन ? भनेर बुझ्न वा जान्न कोसिस गर्दैनन् । जुन एकदम गलत बानी हो । त्यसैले भनेको चीज सामान पुर्‍याएको छ भन्दैमा राम्रो अभिभावक हुँदैनन् ।

### बच्चाको अगाडि बसेर फोन चलाउने बानी

अभिभावकहरू बच्चालाई स्कुलबाट आउनेबित्तिकै होमवर्क गर, पढ बस् भन्छन् । तर अभिभावक भने उनीहरूकै अगाडि बसेर मज्जाले मोबाइलमा रिल हेर्ने, टिकटकमा भिडियो हेरेर बस्ने वा भिडियो बनाएर बस्ने गर्छन् । यसले बच्चाहरूले आफ्नो अस्तित्व नै नभएको महसुस गर्ने गर्छन् । अभिभावकप्रति आदर र मानसम्मान गर्दैनन् । त्यसैले अभिभावक आफैं रोल मोडल हुनका लागि बच्चालाई होमवर्क वा पढ्न बस्ने बेला आफूले मोबाइल नचलाइकन उनीसँग समय बिताउनुपर्छ ।






# वित्तीय साक्षरतासहित ३८ जनालाई कृषि सामाग्री वितरण

◆ विकास संवाददाता

शिखर बचत तथा ऋण सहकारी संस्थाले १४ औं स्थापना दिवसको अवसर पारेर आफ्ना सदस्यहरूलाई वित्तीय साक्षरता तथा व्यावसायिक सीप विकास तालिम दिएको छ । थाहा नगरपालिका वडा नम्बर ३ को शिखरले सो कार्यक्रमको अवसरमा ३८ जना सदस्यहरूलाइ कृषि सामाग्री पनि वितरण गरेको छ ।

शिखर बचतको आयोजना तथा च्वाइस नेपाल र सामी परियोजना थाहा नगरपालिकको सहयोगमा कार्यक्रमय आयोजना भएको हो। सामी कार्यक्रम थाहाका सहजकर्ता मेलीना खत्री र च्वाइस नेपालका मकवानपुर संयोजक प्रताप घिमिरेले कार्यक्रममा सहजीकरण गरेका थिए ।

तालिममा सहभागीहरूले उद्यम वा कुनै पनि व्यवसाय गर्दा ध्यान दिनुपर्ने कुराहरूको विषयमा सीप सिकाइएको थियो। तालिमका सहभागहिरूले व्यवसाय वा उद्यम संचालन गर्दा व्यवसाय परियोजना कसरी बनाउने भन्ने बारेमा समेत जान्ने अवसर पाएको बताएका थिए । महिला सहभागिले महिलाले व्यवसाय वा उद्यम संचालन गर्दा पाउने सहुलियका बारेमा समेत आजसम्म थाहा नभएको र तालिमबाट जान्न पाउदा खुसी लागेको बताएका थिए ।

## शिखरको स्थापना दिवस

संस्थाका अध्यक्ष मनोज रायमाझीका सभाध्यक्षतामा विकास घरमा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष मधुसूदन बिष्ट, च्वाइस नेपालका प्राविधिक सुवास मरहाको उपस्थिति रहेको थियो। स्थापना दिवसकै अवसर पारेर संस्थाले च्वाइस नेपाल संगको सहकार्यमा आफ्ना सदस्य कृषकहरूलाई कृषि सामाग्री स्प्रे पम्प पनि वितरण गरेको छ ।

च्वाइस नेपाल संगको सहकार्यमा संस्थाले आफ्ना सदस्यहरूको व्यावसायिक हितको निम्ति विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको र यस्ता कार्यक्रमहरू निरन्तर रूपमा गरिरहने संस्थाका अध्यक्ष मनोज रायमाझीले बताए ।

# हेटौंडाले शुरू गर्यो वडामा योजना तर्जुमा गोष्ठी

◆ विकास संवाददाता



जनताबाटै आएको सुझावअनुसार नगरको विकासलाई अघि बढाउने उद्देश्य थालेको हेटौंडा उपमहानगरले ४ नम्बर वडामा योजना तर्जुमा गोष्ठी सञ्चालन गरेको छ । नगरवासीलाई आगामी योजनामा समावेश गराउनका लागि आइतबार हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक योजना निर्माणका लागि सरोकारवालासँग छलफल तथा सुझाव संकलन गरेको हो ।

वडातहबाटै आएको मागअनुसार काम गर्दा नगरको विकासमा सबैको भावना समेटिने भएकाले १९ वडामा योजना संकलनको काम गरिने उपमहानगरले जनाएको छ । पालिकाको बजेट निर्माणपूर्व ७ चरणमा छलफल र समन्वय गर्नुपर्ने नीतिअनुसार उपमहानगर सबै वडामा पुग्नेगरी काम अघि बढाइएको बताइएको छ । आउँदो वर्षका लागि बन्ने बजेटमा वडाको राजश्व संकलनको क्षमताअनुसार बजेट व्यवस्थापन गर्ने सोच रहेको भन्दै राजश्व संकलनलाई प्राथमिकतामा राखेर काम गर्ने तयारी उपमहानगरको छ । ४ नम्बर वडामा भएको सुझाव संकलनमा स्थानीयले शिक्षा, सडक ढल र बहुउद्देश्यीय भवनको कामलाई अघि बढाउ जरूरी रहेको बताएका थिए ।

हेटौंडा-४ का कमल मैनालीले मुख्य बजारक्षेत्रमा रहेको वडाको भौतिक विकास राम्रो नभएको बताए । उनले देशभरबाट आउने मानिसको नजरमा पर्ने वडाको पूर्वाधार विकास प्रकृतिमैत्री र व्यवस्थित हुन जरूरी रहेको बताए ।

सडकको कालोपत्रे भत्किएको छ, बनेको सडकमा ढल, सडक छेउमा हुनुपर्ने सुन्दरता नभएको उनको भनाई थियो । स्वास्थ्यका हिसाबले पनि वडा निकै समस्यामा रहेको भन्दै उपमहानगर र वडाको समन्वयमा यहाँ रहेका कवाडी संकलन र सवारी मर्मतकेन्द्र व्यवस्थापन गर्न जरूरी रहेको बताए ।

त्यस्तै हेटौंडा-४ मा रहेको जिल्ला खेलकुद विकास समितिका कार्यालयप्रमुख माधब कोइरालाले उपहानगरले गर्ने खेलकुदको लगानी सदुपयोग नभएको बताए । उनले मोटो रकम खेलकुदमा लगानी भएपनि उत्पादनशील क्षेत्रमा नभएको भन्दै खेलाडी उत्पादनमा रकम खर्चन आग्रह गरे । प्रशिक्षकको व्यवस्थापन गरेर खेलाडी उत्पादन गर्नसके नगरले गरेको लगानीले सार्थकता पाउने उनको भनाई थियो ।

# मकवानपुरगढीको वित्तीय प्रगती ४० प्रतिशत

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा ४० प्रतिशत बढी बजेट खर्च गरेको छ । पालिकाले चालु आर्थिक वर्षको तेस्रो चौमासिकको चैत्र १३ गतेसम्ममा ४० दशमलव १५ प्रतिशत खर्च गरेको हो । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को लागि ७० करोड ७४ लाख ६३ हजार ७७० रूपैयाँ बराबरको बजेट विनियोजन गरेकोमा गएको साउनदेखि चैत्र १३ गतेसम्म २८ करोड ४० लाख ८३ हजार १९२ रूपैयाँ खर्च गरेको छ ।

पालिकासँग अब ४२ करोड ३३ लाख ८० हजार ५७७ रूपैयाँ बजेट मौज्दात रहेको जनाएको छ । गाउँपालिकाले यस अवधिमा सबैभन्दा बढी बिज्ञान तथा प्रविधि क्षेत्रमा एक सय प्रतिशत, १० वटा क्षेत्रमा ३० प्रतिशतभन्दा बढी र ७ वटा क्षेत्रमा शुन्य बजेट खर्च गरेको छ । गाउँपालिकाले तथ्याङ्क प्रणालीतर्फ ८६.८३, शिक्षातर्फ ५६.९४, सामाजिक विकासतर्फ ५०.८, स्वास्थ्यतर्फ ४४.३६, अनुगमन तथा मूल्यांकनतर्फ ४०.६८, कार्यालय सञ्चालन र कार्यान्वयनतर्फ ३८.९३, पर्यटनतर्फ ३३.४६, युवा तथा खेलकुदतर्फ ३१.९१, यातायात पूर्वाधारतर्फ ३०.९९ र पूर्वाधार विकासतर्फ ३०.२६ प्रतिशत खर्च गरेको जनाएको छ । गाउँपालिकाले यस अवधिमा सहकारी क्षेत्र, वित्तीय क्षेत्र, संचार तथा सूचनाप्रविधि, वातावरण तथा जलवायु, विपद व्यवस्थापन, सुशासन प्रणाली र श्रम तथा रोजगारको क्षेत्रमा शुन्य बजेट खर्च गरेको छ । यस्तै उद्योग, योजना तर्जुमा र कार्यान्वयन, प्रशासकीय सुशासनको क्षेत्रमा ५ प्रतिशत भन्दा कम बजेट खर्च गरेको जनाएको छ ।

यसैगरी, गाउँपालिकाले यसै अवधिमा आन्तरिक स्रोततर्फ लक्ष्यको ८८ प्रतिशत राजश्व संकलन गर्न सफल भएको छ । गाउँपालिकाले आन्तरिकतर्फ ९ करोड ८९ लाख ८१ हजार ४७० आम्दानी हुने अनुमान गरेमा हालसम्म ८८.८४ प्रतिशत अर्थात ८ करोड ७९ लाख ३२ हजार ७८५ रूपैयाँ संकलन गरेको छ । गाउँपालिकाले हालसम्म समग्रमा भने ६४.४७ प्रतिशत आम्दानी गर्न सफल भएको जनाएको छ ।

यसैगरी, मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्षको योजना भने बैशाखभित्रमा सम्पन्न गर्ने लक्ष्य लिएको जनाएको छ । गाउँपालिकाको कुल २१७ वटा योजनामध्ये हालसम्म ८० प्रतिशत अर्थात १६८ वटा सम्झौता गरि सकेको र ६३ वटा सम्पन्न भई भुक्तानीसमेत भईसकेको गाउँपालिकाका राजश्व, योजना तथा अनुगमन शाखाप्रमुख प्रकाश न्यौपानेले बताए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीले बैशाख महिनाभित्र सबै योजना सम्पन्न गर्ने बताए ।

# मनहरी–७, रमौलीमा कागती खेतीबाट मनग्गे आम्दानी गर्दै हरिशरण

◆ विकास संवाददाता



मकवानपुरको मनहरी-७, रमौलीका किसान हरिशरण आर्यालले बाहै्रमास फल्ने कागती खेतीबाट मनग्गे आम्दानी गर्दै आएका छन् कृषि फार्म सञ्चालन गरी उनले कागती, ड्र्यागन र कुरिलोको खेती गरिरहनुभएको छ । उनले विषादी, रासायनिक मल र कुनै पनि प्रकारको भिटामिन प्रयोग नगरी अर्गानिक उत्पादन गरेको बताए ।

उनले २०७६ सालदेखि ब्रह्मकाली निम्न माध्यमिक विद्यालयसँग १५ वर्षका लागि दुई बिघा जग्गा भाडामा लिएर साढे छ सय कागती, कुरिलो र एक बिघा क्षेत्रफलमा दुई हजार ड्र्यागन खेती गरिरहेका छन् । कागतीको बिचमा पोल गाडेर ड्र्यागन खेती गरिएको छ । २०६७ सालदेखि आफ्नै आठ कट्ठा जग्गामा चार वटा सेड बनाएर उहाँले कुखुरापालन पनि गर्दै आएका छन् । चार वर्षअघि लगाइएका कागतीले दुई वर्षपछि उत्पादन दिन सुरु गरेको भन्दै उनले यसमा हुने करिब डेढ लाख खर्च कटाएर वार्षिक रूपमा छ लाख रूपियाँ आम्दानी गर्दै आएको बताउनुभयो । लगानीको तुलनामा कागती खेतीबाट नाफा बढी हुने उनको दाबी छ ।

"हाम्रो जग्गा धेरै बाँझो छन्, हामी विदेश गएर पसिना बगाइरहँदा पनि त्यो जग्गाले हामीलाई सराप्छ," किसान अर्यालले भने । कृषक अर्यालले उत्पादन गरेको कागती चितवन र हेटौंडा बजारमा खपत हुने गरेको छ । कागती प्रतिकेजी ४० रूपियाँदेखि १८० रूपियाँसम्म थोक मूल्यमा बिक्री हुने गरेको छ । आर्याल राष्ट्रपति उत्कृष्ट पुरस्कारबाट पनि सम्मानित भैसकेका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# सहकारी दिवसमा थाहानगरका तीन सहकारी पुरस्कृत




◆ विकास संवाददाता

६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मकवानपुर थाहानगरका ३ वटा सहकारी पुरस्कृत भएका छन् । "सहकारीमा सुशासन : प्रविधि र एकीकरण" भन्ने नाराका साथ मनाइएको दिवसको अवसरमा सहकारी संस्थाहरूलाई थाहा नगरपालिकाले नगदसहित सम्मान गरिएको हो ।

कार्यक्रममा विभिन्न सूचकहरूमा उत्कृष्ट अंक ल्याएका सहकारीहरू मध्ये बहुउद्देश्यीय सहकारी तर्फ लालीगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्था थाहा १ ओखरबजार, बचत तथा ऋण तर्फ कुन्छाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र थाहा १ कुन्छाल र कृषि सहकारी तर्फ साना किसान कृषि सहकारी थाहा ६ बज्रवाराही लाई २० हजार नगद प्रमाणपत्र सहित पुरस्कृत गरिएको हो ।

थाहा नगरपालिका र पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको संयुक्त आयोजनामा २० चैतमा भएको कार्यक्रममा उत्कृष्ट सहकारी सम्मान तथा तालिम कार्यक्रम आयोजना गरी मनाइएको हो। पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्टको सभाध्यक्षता तथा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथी गिरीले सहकारी जस्तो पवित्र अभियान लाई एकाध संस्थाले गर्दा भस्किनुपर्ने अवस्था आएको बताउदै बिश्वासलाई कायम राख्न आफ्नो उद्देश्य अनुरूप चल्न पर्ने बताए । उनले थाहानगर भित्रको सहकारीको नियमन र अनुगमन भित्र ल्याउन कडा कदम चालिएको बताउदै राम्रो काम गर्ने सहकारी लाई नगरले पुरस्कृत गरेको बताए ।

कार्यक्रममा बोल्दै संचार सहकारीका पुर्व केन्द्रिय अध्यक्ष तथा सहकारीकर्मी बिष्णुहरी ढकाल जंगलीले सहकारीहरूले सदस्यहरूको साझा समस्यालाई सम्बोधन गरेर अगाडि बढ्नुपर्ने बताए । उनले स्थानीय सरकारले आर्थिक क्रियाकलाप चलामायन बनाउन सरकारको मात्र मुख नताकी नगरपालिका भित्र रहेका सहकारी संस्थाहरूसंग साझेदार गर्दै अगाडि बढ्नुपर्ने बताए । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका सदस्य फणिन्द्र सुवेदी,सहकारीकर्मी महेश्वर सुवेदी,थाहा नगरपालिका वडा न ४ का अध्यक्ष नारायण लामाले शुभकामना मन्तव्य राखेका थिए ।

थाहा नगरपालिका सहकारी शाखाका प्रमुख अस्मिता तिवारी घिमिरेले सञ्चालन गरेको कार्यक्रममा थाहा नगरपालिकाका रोजगार संयोजक कुमार नेगीले स्वागत मन्तब्य ब्यक्त गरे । कार्यक्रममा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय चितवनका पुर्व प्राचार्य केशव बहादुर थापाले सहकारीमा सुशासन:प्रविधि र एकीकरणको बिषयमा नगरभित्रका सहकारीकर्मीहरूलाई तालिम सहजीकरण गरेका थिए ।

## शिखरकोटमा दिप प्रज्ववलन

सहकारी दिवसको अवसरमा थाहाको शिखरकोटमा दिप प्रज्वलन गरी मनाइएको छ । शिखर बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष मधुसुदन विष्टको अध्यक्षतामा भएको दिप प्रज्वलन कार्यक्रममा शिखर बचतका अध्यक्ष मनोज रायमाझी, मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेड सेवा केन्द्र पालुङका प्रमुख गणेश बिष्ट, पालुङ जेसिज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझी, कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक राजन मिश्रलगायतको सहभागिता थियो ।

कार्यक्रममा शिखरकोट क्षेत्र र अन्य क्षका सहकारीहरूको समेत प्रतिनीधित्व थियो । कार्यक्रममा दामन कृषि सहकारी संस्थाका सचिव राजाराम कार्कि, चेतनशिल महिला बचत तथा ऋण सहकारीका व्यबस्थापक दिपेश खत्रि, बागेश्वरी कृषि सहकारीका व्यवस्थापक मिरा खड्का, शिखरका कार्यसमिति सदस्यहरू, विभिन्न सहकारीका कर्मचारीहरू तथा सदस्यहरूको उपस्थितिमा दिप प्रज्वलन कार्यक्रम गरिएको हो ।


**ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।


# कृषि औजार र सामाग्री वितरण



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको शुभारम्भ कृषि सहकारी मार्फत कृषि ज्ञान केन्द्र चितवनको ५० प्रतिशत अनुदानमा कृषि औजार तथा सामाग्री वितरण गरिएको छ ।

कृषि विकास निर्देशनालय बागमती प्रदेशको व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम मार्फत कृषि औजार सहित जैविक विषादि, टनेल प्लास्टिक, सिचाइ उपकरण २४ चैतमा वितरण गरिएको हो । कृषि सामाग्री वितरण कार्यक्रम थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यता तथा निवर्तमान मेयर लवशेर बिष्टको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, वडा सदस्य कृष्ण कुमार कार्की,वडा कृषि प्राविधिक रोहिणी स्याङ्तानको उपस्थिति रहेको थियो ।

त्यसैगरी कृषि ज्ञान केन्द्र चितवन र जनहित युवा उद्यम कृषि तथा पशुपालन समूह थाहा ७ सँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा कृषि यन्त्र वितरण कार्यक्रम सम्पन्न भएको संस्थाका अध्यक्ष बिक्रम बिष्टले जानकारी दिए ।

यसैबीच थाहा नगरपालिका वडा नम्बर ८ का किसानहरूलाई दोस्रो पटक कृषि औजारहरू वितरण गरेको छ ।

२२ चैतमा थाहा नगरपालिका वडा नम्बर ८ मा आग्रा कृषि सहकारी संस्थामार्फत कृषि ज्ञान केन्द्र चितवनको



५० प्रतिशत अनुदानमा कृषि विकास निर्देशनालय बागमती प्रदेशको मकै बाली प्रवर्द्धन कार्यक्रम मार्फत कृषि औजारहरू वितरण गरिएको वडाध्यक्ष हेम कुमार थिङले जानकारी दिए ।

तरकारी बाली प्रवर्द्धनको निमित्त मिनी टिलर ७ एचपी २० वटा, मकै छोडाउने मेशिन ६ थान, मकै रोप्ने मेशिन ड्रूम सिडर १, कम्बाइन च्याख्ला बनाउने मिल ९ वटा, डिजिटल काटा १ सय किलोको १४ वटा, त्रिपाल १८.२४ फिटको ३० थान, घट्ट मिल सानो ४ वटा र ई स्प्रेयर १४ वटा वितरण गरिएको हो ।

# रैथाने बीउ संरक्षणमा सहकारीको चासो

◆ विकास संवाददाता

थाहा नगरपालिकामा लोपोन्मुख स्थानीय बाली (रैथाने)को मूल बीउ संरक्षण गर्न प्रयास थालिएको छ । नगर पालिकामा सहकारीका माधयमबाट स्थानीय बालीको बीउको संरक्षण गर्न लागिएको हो ।

रम्परागतरूपमा खेती गरिँदै आएका बालीप्रति पछिल्लो समयमा कृषकको आकर्षण बढाउन कार्यक्रम ल्याएको संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्टले बताए । थाहा नगरपालिका ४ थानाबजारमा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले स्थानीय जातको बीउ संकलन र संरक्षण गर्नको निम्ति सूचना जारी गरेको हो ।

अहिले स्थानीयस्तरमा पाइने बाली संकलन गर्ने तथा संरक्षण गर्न पहिलो चरणको काम अनुरूप सुचना निकालेको संस्थाका व्यवस्थापक प्रकाश पौडेलले जानकारी दिए । यसै गरेर स्थानीय बाली उत्पादन गरे बजारसम्म पुर्‍याउन संस्थाले सहयोग गर्ने पौडेलको भनाई छ ।

पुराना लोप हुन लागेका बालीहरूको संरक्षण गर्ने र बीउ वितरण गर्ने उद्देश्यले थाहा नगर र आसपासका क्षेत्रमा उत्पादन हुने खालको रैथाने बिउबिजनहरू, कोदो, फापर, भटमास, सिमि, बोडि, मास, मार्सी लगायत बिउँहरू उपलब्ध गराइदिन संस्थाले अनुरोध गरेको छ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
२०८० चैत्र २६ गते सोमबार, 08 April, 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## थाहाका जनमुखी सहकर्मी प्रधानको निधन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ गोपाली गाउँ निवासी विष्णु प्रधानको निधन भएको छ । पछिल्लो समय जनमुखी राजनीतिका प्रवर्तकको रूपमा मानिदै आएका प्रधानको ६९ वर्षको उमेरमा आफ्नै निवासमा २४ चैतमा निधन भएको उनका परिवारले जनाएको छ । उनको जन्म २०११ माघ १२ गते जन्म भएको थियो ।

श्वासप्रश्वास रोगबाट पीडित हुँदै आएका प्रधान थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टका समेत सहकर्मी हुन् । उनले विष्टसंग लामो समय संगत गरेका छन् भने जनमुखी राजनीतिमा उनको योगदान रहेको छ । प्रधानलाई जनमुखी सहकर्मीको रूपमा समेत चिनिन्छ । उनको श्रीमती, १ छोरी र तीन छोरा छन् ।

समाजसेवी तथा जनमुखी सहकर्मी प्रधानको निधनप्रति थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझलीले श्रद्धाञ्जली व्यक्त गरेका छन् । नेकपा माओवादी केन्द्र थाहाका ज्येष्ठ नागरिक समिति सल्लाहकार समेत रहेका प्रधानको परिवारप्रति वडाध्यक्ष रायमाझीले समवेदना समेत प्रकट गरे । वडाध्यक्ष रायमाझीले प्रधानलाई राजनीतिक यात्राको प्रेरणाको स्रोत समेत भनेका छन् ।

साधारण जीवनशैली भएका कर्मशील लामो समय राजनीतिमा लागेर पनि व्यक्तिगत लाभका लागि कहिल्यै अग्रसर नभएका प्रधानको निधनले ठूलो क्षति पुगेको स्थानीय यादवजंग रायमाझीले प्रतिक्रिया दिए ।

## सहकारी नियमन गर्न १० वटै पालिकाहरु एक मत

◆ विकास संवाददाता

आर्थिक मन्दीसँगै सहकारीमा देखिएका समस्याले मानिसमा देखिएको अन्यौलतालाई रोक्नका लागि जिल्लामा रहेका सहकारीमा नियमित नियमन गर्ने निर्णय भएको छ ।

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा हेटौंडामा भएको 'सहकारीको बर्तमान अवस्थामा आएको समस्या पहिचान र समाधान उपाय' सहितको अन्तरक्रियामा जिल्ला सहकारीको कारोवार अवस्थामा बेथिती देखिएको भन्दै नियमित नियमन आवश्यक रहेको महशुस गरीएको हो । जिल्लाका दशै पालिका र सम्बन्धित शाखाका प्रमुखहरू सहभागि कार्यक्रमले सहकारीमा आएको विकृतीको अन्त्यका लागि नियमनकारी निकायले अनुगमन गरी दण्ड र पुरस्कार अभियान अघि बढाउँने निर्णय भएको हेटौंडा उपमहानगर पालिका सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेलले बताए । नियमनकारी निकायको रूपमा रहेको स्थानिय तहले चलाएको अभियानलाई संघिय सरकारले पनि साथ दिने प्रतिबद्धता दिएको उनले बताए ।

संघीय सरकारको भुमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिब गोकर्णमणी दुवाडीले पछिल्लो समय सहकारीका संचालकहरूको बेथितीका कारण सर्वसाधारण जनताको धनको सुरक्षा चुनौतीको बिषय बनेकाले स्थानिय तहमा जिम्मेवारी थपिएको बताएका थिए । अनुगमका क्रममा व्यवस्थित ढंगबाट सञ्चालनमा रहेका सहकारीको कामलाई संरक्षण गर्दै कारोबार बिग्रने क्रममा र हेकालाई सुधार्नका लागि सचेत गराउँदै कारवाहीको दायरामा ल्याउने धारण पालिका प्रमुखहरूले राखेका थिए ।

कार्यक्रममा देशमा सहकारीको अवस्थाका बारेमा मन्त्रालयका सचिब दुवाडी र हेटौंडा उपमहानगरपालिकाबाट पौडेलले सहकारीको अवस्थाका बारे कायपत्र प्रस्तुत गरेका थिए । प्रस्तुत कार्यपत्र माथि भएको छलफल पछि सहकारीको अवस्था मुल्याङ्कन गर्दै नियमित अनुगमन जरूरी रहेको बताइएको छ ।


## बालमैत्री वातावरण बनाऔं !

**बालबालिकालाई:**

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## वन डढेलो सम्बन्धि जरुरी सूचना !

आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौं ।

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभावी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरू हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर(कुसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्‌बाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरून्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

**थाहा नगरपालिका**
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरूको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ · खोप सुरक्षित छ · खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी